**निर्णय नं. १**

यस नगरपालिकाको कार्यपालिकाको तर्फबाट उपप्रमुख मोहनमाया भण्डारी ज्यूले पेश गर्नुभएका देहायका विधेयकहरुलाई यस बैठकमा छलफलका लागि टेबल गरियो ।

*निम्न:*
क) स्थानीय स्वास्थ्य सेवा विधेयक, २०७५
ख) नगर विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापक विधेयक, २०७५

**निर्णय नं. २**

यस नगरपालिकाको आ.व. २०७५/०७६ को फागुन मसान्त सम्मको बजेट तथा कार्यक्रमको समिक्षा प्रतिवेदन लाई यस बैठकमा छलफलका लागि टेबल गरियो ।

**निर्णय नं. ३**

यस बैठकमा १४ जना नगरसभा सदस्य ज्यूहरुले उठाउनु भएका सार्वजनिक महत्वका सवालहरुको बारेमा आगामि वैठकमा नगरकार्यपालिकाको तर्फबाट सम्बोधन गर्ने ।

**निर्णय नं. ४**

यस नगरसभाको आगामि वैठक मिति २०७६ साल बैशाख २ गते विहान ११ बजे वस्नेगरी स्थगन गरियो ।

**२०७६ बैशाख २ गते सम्पन्न वीरेन्द्रनगर नगरपालिकाको चौथो नगरसभाको बैठकमा भएका निर्णयहरु:**

**निर्णय नं. १**

यस नगरपालिकाको मिति २०७५ चैत्र २८ गतेको नगरसभाको बैठकमा प्रस्तुत गरिएका निम्न विधेयकहरु यस बैठकबाट सर्वसम्मत रुपमा स्वीकृत गर्ने ।

*निम्न:*

क) स्थानीय स्वास्थ्य सेवा विधेयक, २०७५

ख) नगर विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापक विधेयक, २०७५

**निर्णय नं. २**

यस नगरपालिकाको मिति २०७५ चैत्र २८ गतेको नगरसभाको बैठकमा प्रस्तुत गरिएको आर्थिक वर्ष २०७५/०७६ को फागुन मसान्त सम्मको बजेट तथा कार्यक्रमको समिक्षा सम्पन्न गरियो ।

**निर्णय नं. ३**

चौथो नगरसभामा उठान भएका सार्वजनिक महत्वका विषयमा स्रोत र साधनको उच्चतम प्रयोग गरी यथाशीघ्र कार्यान्वयन गर्न कार्यपालिकालाई निर्देशन गर्ने ।

**निर्णय नं. ४**

यस नगरपालिकाको चौथो नगरसभा सफलता पुर्वक सम्पन्न गर्न आफ्नो अमुल्य समय सल्लाह तथा सक्रिय सहयोग प्रदान गर्नुहुने नगरसभा सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिहरुका पदाधिकारीहरु, विभिन्न क्षेत्रका विषय विज्ञहरु, संचारकर्मी मित्रहरु, नगरपालिकाका कर्मचारी लगायत सम्पुर्णमा हार्दिक धन्यवाद दिने ।